राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ६ अंक २८६ २०८२ जेठ २९ गते बिहिवार (12 June 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## गृहमन्त्रीको राजीनामा माग्दै प्रतिपक्षी सांसदको नाराबाजी



दैनिक समाचारदाता
काठमाडौं, २८ जेठ । प्रतिपक्षी दलका सांसदहरुले गृहमन्त्री रमेश लेखकको राजीनामा माग्दै नाराबाजी गरेका छन् । उनीहरुले भिजिट भिसा प्रकरणमा मुछिएका गृह मन्त्रालयका कर्मचारीहरुलाई कारबाही गर्नुपर्ने र गृहमन्त्री लेखकले राजीनामा दिनुपर्ने माग गर्दै नाराबाजी गरेका हुन् ।
सभामुख देवराज घिमिरेले आजको बैठक सुरु भएको जानकारी गराएलगत्तै प्रतिपक्षी दलहरु आआफ्नो स्थानबाट उठेर संसद अवरुद्ध गरेका थिए ।
सत्तापक्षका सांसदहरुले संसद अवरोध गरेर बोल्न रोकेको भन्दै बैठक सन्चालनको माग गरे । त्यसपछि प्रतिपक्षी दलहरुले गृहमन्त्रीविरुद्ध नाराबाजी थालेका हुन् ।
सभामुख घिमिरेले दलीय आधारमा बोल्न दिने भन्दै बस्न आग्रह गरे पनि सांसदहरुले मानेका छैनन् ।

# सबैलामा भेटियो जनककालीन मठेश्वर मन्दिरको अवशेष

दैनिक समाचारदाता
जनकपुरधाम, २८ जेठ । धनुषाको सबैला नगरपालिका-६, गोविन्दपुर टोलस्थित खेत क्षेत्रबाट राजा जनककालीन मठेश्वर महादेव मन्दिरको ऐतिहासिक अवशेष फेला परेको छ। पुरातत्व विभागले पछिल्ला दुई वर्षदेखि गरिएको उत्खननपछि यो स्थान मठेश्वर मठ नै रहेको पुष्टि गरेको हो।

पुरातत्वविद् प्रकाश दर्नालका अनुसार पहिलो वर्ष उत्खनन गरेपछि वर्षाका कारण स्थल प्लास्टिकले छोपेर माटोले पूरिएको थियो। यस वर्ष पुनः उत्खनन गर्दा मन्दिरको ठूलो भाग फेला परेको हो। इन्जिनियर सुरेन्द्र पजियारले राजा जनकले मिथिला क्षेत्रभर निर्माण गराएका महादेव मठहरूमध्ये यो पनि एक भएको प्रमाण भेटिएको बताए।

दर्नालका अनुसार, भेटिएका



अवशेषहरू कर्नाटवंशभन्दा पनि पुरानो कालखण्डका हुन्। तीमध्ये चारवटा गजुर, पौराणिक कलाले कुँदिएका इँटा, फलामका टुक्रा, जल चढाउने कुवा, पर्खालका भग्नावशेष, भाँडाकुँडा र साना हतियारहरू छन्। यस वर्ष मन्दिरको दक्षिणतर्फ अर्को मन्दिरको अवशेष पनि भेटिएको छ।

स्थानीय ९० वर्षीय पुजारी विन्देश्वर दासका अनुसार, आफूले ८० वर्षदेखि मन्दिरको जग देख्दै आएको बताउँछन्। संरक्षणमा ध्यान दिइएको भए सबैला प्रमुख धार्मिक गन्तव्य बन्न सक्थ्यो भन्ने उनको धारणा छ। अर्का स्थानीय राजकुमार यादवका अनुसार विगतमा ढुंगा चोरी हुने गरे पनि अहिले नगर प्रमुख र वडाध्यक्षाको निगरानीपछि त्यसमा रोक लागेको छ।

पजियारका अनुसार मन्दिर रथ शैलीमा बनेको छ र यसको संरचना रौतहटको मौलापुर मन्दिरसँग मिल्दोजुल्दो देखिन्छ। यसले चारैतिर अन्य मठहरू पनि रहेको सम्भावना देखाउँछ।

सबैला नगरपालिकाका मेयरले मन्दिर मिथिला सभ्यतासँग जोडिएको ऐतिहासिक सम्पदा भएको भन्दै तत्काल १५ लाख रुपैयाँ विनियोजन गरिएको जानकारी दिए। प्रमुख प्रशासकीय अधिकृत सविर कुमार महतोले मन्दिर पुन:निर्माणका लागि संघ र प्रदेश सरकारसँग सहयोग मागिने बताए।

वडाध्यक्ष श्रीपुजनले विकास बजेटबाहेकका सबै स्रोत मन्दिर संरक्षणमा लगाउने प्रतिवद्धता जनाए। स्थानीय अनुसार मन्दिर वरिपरि पोखरीहरू भएको अनुमान गरिए पनि हाल एकतर्फ मात्र पोखरी देखिन्छ। बाँकी क्षेत्र खेतीयोग्य जमिनमा परिणत भइसकेको छ।

पुरातत्व विभागले समयमै कार्य सम्पन्न गर्न सकेमा यो क्षेत्र ऐतिहासिक तथा धार्मिक पर्यटन केन्द्रका रूपमा विकसित हुन सक्ने अपेक्षा गरिएको छ।


## भ्रष्टाचार मुद्दामा तीन पत्रकार सहित कर्मचारीहरु




दैनिक समाचारदाता
काठमाडौं, २८ जेठ । पत्रिकामा सूचना नै नछापी नक्कली कागजातका आधारमा रौतहटको फतुवा विजयपुर नगरपालिकाबाट भुक्तानी लेनदेन गरी भ्रष्टाचार गरेको अभियोगमा तीनजना पत्रकार र दुईजना कर्मचारीविरुद्ध सोमबार मुद्दा दायर भयो ।
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले 'तराई पोस्ट'का प्रतिनिधि ओमप्रकाश यादव, प्रतिनिधि प्रकाश रुपेन्द्र पटेल र 'जनसवाल दैनिक'का सम्पादक रामजी बगालेविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो ।तीनजना पत्रकारलाई नक्कली कागजातको भरमा भुक्तानी दिएको भन्दै नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत शम्भुकुमार यादव र सहलेखापाल नवीनकुमार यादवविरुद्ध समेत अख्तियारले मुद्दा दायर गरेको छ ।
अभियोगपत्रमा आर्थिक वर्ष २०७८।०७९ मा किसानका लागि स्प्रे ट्यांकी खरिद गर्ने कार्यका लागि नगरपालिकाले बोलपत्र सूचना 'जनसवाल दैनिक' र 'तराई पोस्ट दैनिक' पत्रिकामा प्रकाशित गरेको थियो । तर अनुसन्धानका क्रममा प्रेस काउन्सिल नेपालसँग विवरण माग्दा नगरपालिकाले दाबी गरेको मितिमा ती पत्रिकाहरूमा सूचना नै नछापिएको पुष्टि भएको छ । नक्कली बिलका आधारमा भुक्तानी दिएर भ्रष्टाचार गरेको दाबी छ ।प्रशासकीय अधिकृत शम्भुकुमार यादव, नवीनकुमार यादव र 'तराई पोस्ट'का प्रतिनिधि ओमप्रकाश यादवमाथि जनही २ लाख १२ हजार २२५ रुपैयाँ भ्रष्टाचार गरेको दाबी गरिएको छ । यस्तै 'जनसवाल दैनिक'का सम्पादक रामजी बगालेमाथि १ लाख ७२ हजार ८२५ रुपैयाँ र 'तराई पोस्ट'का प्रकाशक रुपेन्द्र पटेलमाथि ३९ हजार ४०० रुपैयाँ बिगो कायम गरी अख्तियारले मुद्दा चलाएको हो ।


## एउटै मञ्चमा १५ जोडीको दाइजोमुक्त विवाह

दैनिक समाचारदाता
जनकपुरधाम, २८ जेठ । ६२८औँ कवीर प्रकट अर्थात सन्त कवीर जयन्तीका अवसरमा १५ नवजोडीको एउटै मञ्चमा दाइजोमुक्त विवाह सम्पन्न भएको छ । विवाहित मध्ये नौ जोडी नेपालका तथा छ जोडी भारतका छन् ।
दाइजो प्रथाले गहिरो प्रभाव



जमाएको मधेस प्रदेशमा यो आदर्श विवाहले समाजमा सकारात्मक उदाहरण स्थापित गरेको आश्रमका असुर निकन्द रमैणीले बताउनुभयो । मिथिला नगरपालिका(२ वेलाचापीस्थित सतलोक आश्रममा कवीर प्रकट दिवसका अवसरमा विगत तीन दिनदेखि सञ्चालित समारोहमा सामाजिक, धार्मिक तथा सेवामूलकका साथै विशाल भण्डारा, रक्तदान, नि:शुल्क भोजनलगायत कार्यक्रम गरिएका छन् ।
वैदिक उच्चारणसहित विवाह कार्यक्रम १७ मिनेटमा सम्पन्न भएको थियो । कार्यक्रममा सहभागी नवजोडी तथा तिनका अभिभावकले यस किसिमको विवाहले समाजमा सकारात्मक सन्देश प्रवाह हुने प्रतिक्रिया दिए । सतलोक आश्रमले आगामीदिनमा सामाजिक उत्थानका यस्ता कार्यक्रमलाई अझै अगाडि बढाउनुपर्ने पर्साको वहुदरमाई नगरपालिकाकी उपप्रमुख सुष्माकुमारी कुशवाहाले वताउनुभयो ।
मधेस प्रदेशमा सन्त कवीर दिवसका अवसरमा सार्वजनिक विदासमेत दिइएको छ ।


## अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035



## सम्पादकीय

# ज्ञानभूमिको उज्यालोबाट विश्वतिरको यात्रा

जनकपुरधामको ऐतिहासिक भूमिमा आयोजित राजर्षि विश्वविद्यालयको प्रथम दीक्षान्त समारोहले मधेश र सम्पूर्ण मुलुकका लागि प्रेरणाको सन्देश दिएको छ । प्रधानमन्त्री एवं कुलपति केपी शर्मा ओलीले समारोहमा व्यक्त गरेका विचारहरू केवल औपचारिकता नभई शिक्षा र सामाजिक रूपान्तरणप्रतिको दृढ विश्वासका अभिव्यक्ति हुन् ।

प्रधानमन्त्री ओलीले प्रतिभा र रुचिको सम्मान गर्दै विद्यार्थीलाई अभिभावकीय दबाबबाट मुक्त गरिनुपर्ने विचार राख्नु आजको शिक्षाको प्रमुख मागसँग मेल खान्छ । 'जब संसार अन्धकारमा थियो, जनकपुर ज्ञान र ज्योतिको केन्द्र थियो' भन्ने भनाइले जनकपुरधामको बौद्धिक गाथालाई पुनः स्मरण गराउँछ । उहाँले वैज्ञानिक सोच र निरन्तर प्रयासको महत्त्वमा जोड दिँदै सानातिना सफलताले नै दीर्घकालीन परिवर्तन ल्याउने विश्वास व्यक्त गर्नु गम्भीर सन्देश हो । समारोहमा उपाधि प्राप्त गरेका विद्यार्थीहरू–जसमध्ये अधिकांश छात्रा छन । मधेशमा महिला शिक्षाको विकासले गति लिएको प्रमाण प्रस्तुत गर्छन् । यो प्रवृत्ति मधेशको सामाजिक संरचना र लैङ्गिक समानताका लागि उत्साहजनक संकेत हो । प्रतिभावान छात्राहरूले पाएको पहिचानले आगामी पुस्तामा अझ प्रेरणा थप्नेछ ।

वरिष्ठ साहित्यकार डा. राजेन्द्र विमलको "दीक्षित विद्यार्थीहरूले समाज परिवर्तनका लागि योगदान दिनेछन" भन्ने आशा र उपकुलपति डा. अमरप्रसाद यादवको विश्वविद्यालयले प्रतिस्पर्धी जनशक्ति उत्पादन गरेको भनाइले संस्थाको शैक्षिक स्थायित्व र दूरदृष्टिलाई प्रस्ट पारेको छ । राजर्षि विश्वविद्यालयको यो उपलब्धि केवल दीक्षान्तको उत्सव मात्र नभई मधेशको शैक्षिक र सामाजिक पुनर्जागरणको संकेत पनि हो। यो उज्यालो यात्रा अब विश्वतर्फ अघि बढ्न तयार देखिन्छ, जहाँ ज्ञान र विवेक नै समृद्धिको मूल आधार हुनेछन्।

# विप्रेषणमा टिकेको नेपालको अर्थतन्त्र



डा.उदय रानामगर

विश्वव्यापीकरणपछि विश्वमा आप्रवासन एक तातो मुद्दा बनेको छ । विश्व आप्रवासन सङ्गठन (आइओएम)को अनुमानअनुसार सन् २०२० मा विश्वमा करिब २८ करोड १० लाख अन्तरराष्ट्रिय आप्रवासी छन्, जुन विश्वको जनसङ्ख्याको ३.६ प्रतिशत हो । विश्वव्यापीकरणसँगै विश्वको जनसङ्ख्यालाई एउटा भौगोलिक सीमाभित्र सीमित गर्न सकिँदैन । यसको कारण विश्वमा जता रोजगारी तथा व्यापारको अवसर छ, त्यता नै युवाको चाप बढ्ने गरेको छ । आप्रवासनबाट प्राप्त हुने विप्रेषण प्रायः देशका लागि प्राथमिक स्रोतको रुपमा रही आएको छ । विश्वमा सन् २०२२ मा अन्तरराष्ट्रिय आप्रवासीहरूबाट ८३१ अर्ब अमेरिकी डलर विप्रेषण आर्जन भएको देखिन्छ । विश्व बजारमा आप्रवासीहरूको सङ्ख्या विभिन्न कालखण्डमा बढेर गएको छ ।

विश्वव्यापीकरणको कारण सन् १९७० को दशकमा विश्वको कूल जनसङ्ख्याको २.३ प्रतिशत जनसङ्ख्या मात्र आप्रवासनमा जाने गरेकामा सन् २०२४ मा आउँदा बढेको देखिन्छ । यसले विश्वव्यापीकरण पश्चात् विश्वका प्रायः सबै देशहरूबाट मानिसहरू आप्रवासनमा जाने प्रवृत्ति बढेको देखिन्छ ।

सन् २०२३ मा प्रकाशित विश्व आर्थिक फोरमको रिपोर्टअनुसार सन् २०२७ सम्म विश्वको बजार श्रमशक्तिको प्रवृत्ति परिवर्तन हुँदै जाने र वर्तमान श्रम बजार संरचनामा २३ प्रतिशत रोजगारी संशोधित परिवर्तन हुने र ४४ प्रतिशत विद्यमान सीप रोजगारीलाई प्रत्यक्ष प्रभाव पर्ने उल्लेख छ । यसले विश्व श्रम बजारमा आठ करोड ३० लाख जनसङ्ख्यालाई प्रत्यक्ष प्रभाव पार्ने र नयाँ सीप भएका करिब छ करोड रोजगारी सिर्जना हुने पनि प्रक्षेपण गरिएको छ । यसले बजारमा थप अवसर र चुनौतीको सिर्जना गरेको छ ।

दक्षिण एसियाली मुलुकहरूबाट वैदेशिक रोजगारीमा जानेको सङ्ख्या अन्य क्षेत्रको तुलनामा बढी छ । यो प्रवृत्ति नेपाल पनि उल्लेख्य छ । नेपाल सरकारले निषेध गरेको देशबाहेक जुनसुकै देशमा नेपालीहरू रोजगारीका लागि जानसक्ने व्यवस्था छ । हाल नेपाल सरकारले वैदेशिक रोजगारीको लागि एक सय ११ देशलाई स्वीकृत दिएको छ । यसबाट देश बाहिर रोजगारीमा जानेको लागि अवसरहरु बढ्दै गरेको देखिन्छ । प्राडा विश्वम्भर प्याकुरेलका अनुसार नेपालमा मध्यमस्तरको आर्थिक वृद्धि हुँदा पनि आर्थिक वृद्धि र रोजगारीबिच कुनै सम्बन्ध देखिँदैन । यो हुनुको प्रमुख कारण विशेष गरेर बढी रोजगारी प्रदान गर्ने निर्माण र कृषि क्षेत्रमा नभएर आर्थिक वृद्धि सेवा क्षेत्रमा सीमित भएकोले हो । तथ्याङ्कले के देखाउँछ भने एक प्रतिशत जिडीपी वृद्धि हुँदा सेवा क्षेत्रबाट मात्र ०.६१ प्रतिशत रोजगारी वृद्धि भएको छ । यसले नेपालमा रोजगारीको अभावलाई झनै बल्झाएको देखिन्छ । यसको कारण रोजगारीको खोजीमा वैदेशिक रोजगारीमा जानेको सख्या उल्लेख्य छ । अर्कातर्फ नेपालको अर्थतन्त्रको महत्वपूर्ण स्रोतको रुपमा रहेको विप्रेषणको विगत १० वर्षको औसत अवस्था हेर्दा कूल गार्हस्थ्य उत्पादनमा औसत अंश २३ प्रतिशत रहेको देखिन्छ ।

वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले नेपालको आर्थिक संरचनालाई नयाँ आकार दिएको छ । यहाँबाट बाहिरिने आर्थिक रूपमा सक्रिय जनसङ्ख्याले नेपालको विकासमा असर त गरेको छैन भन्ने कुरा सोचनीय बनेको छ । हुन त नेपालको वैदेशिक रोजगारीको इतिहास त्यति पुरानो नभएतापनि आर्थिक उदारीकरण नीतिको अवलम्बनपश्चात् यो बढ्न थालेको देखिन्छ । सन् १९९० को दशकबाट तीव्र भई वैदेशिक रोजगार जाने क्रम पनि बढेको देखिन्छ । नेपालमा बार्षिक नौ लाख मानिसहरु रोजगारी खोजीको क्रममा रहेको देखिन्छ । अध्ययनअनुसार एक प्रतिशत आर्थिक वृद्धि हुँदा ०.३३ प्रतिशतले रोजगारी वृद्धि हुने गरेको देखिन्छ । तर नेपालको सवालमा रोजगारीको पर्याप्त मात्रामा सिर्जना हुन नसक्दा यूवा रोजगारीको खोजीमा विदेशिने गरेका छन् ।

वैदेशिक रोजगारीबाट देशमा विप्रेषण आएकोले आर्थिक क्षेत्रमा भरथेग पुगेको छ । खाडीमुलुकमा जाने नेपालीहरूबाट आउने विप्रेषण गास, बास र स्वास्थ उपचारजस्ता क्षेत्रमा खर्च हुँदा रेमिट्यान्स पुँजी निर्माणमा उपयोगी हुन सकेको छैन । तथापि यो घरायसी आय र राष्ट्रिय जिडीपी वृद्धिको लागि प्रमुख स्रोत बनेको छ । यसले गर्दा रोजगारीको अवसर सिर्जना हुन नसक्दा फेरि पनि वैदेशिक रोजगारीमा जानेको सङ्ख्या बढ्ने गरेको छ ।

रेमिट्यान्सले देशमा वैदेशिक मुद्राको सञ्चिति बढाउन छ । यसबाट समग्र वित्तीय क्षेत्रको विस्तार भई आर्थिक विस्तारमा मद्दत पुऱ्याइरहेको छ । विप्रेषणले घरायसी तहमा खाना, लत्ताकपडा, स्वास्थ्य हेरचाह र बालबालिकाको शिक्षाजस्ता अत्यावश्यक वस्तुहरूका लागि रकम उपलब्ध गराएर गरिबी घटाउन सहयोग गरेको देखिन्छ । घरायसी आय र आर्थिक वृद्धिका लागि विप्रेषण महत्वपूर्ण पक्ष बनेको छ भन्ने देखिन्छ ।

यद्यपि पुँजी निर्माणमा यसको खासै उपयोगता देखिएको छैन । कूल प्राप्त हुने रेमिट्यान्सको ७९ प्रतिशत उपभोगमा नै खर्च हुने गरेको अध्ययनले देखाएको छ । जबकि प्राप्त भएको विप्रेषणको तीन प्रतिशत मात्र बचत हुने गरेको देखिन्छ ।

आर्थिक वृद्धिमा सकारात्मक योगदान दिने विप्रेषण अर्थतन्त्रको छोटो अवधिको समस्या समाधान गर्ने अवसर बनेको छ । विदेशी मुद्राको प्रमुख स्रोत, आयातमा योगदान गर्दै राजस्व वृद्धि, गरिबी न्यूनीकरण, भूइँतहका जनताको आधारभूत आवश्यकता परिपूर्ति, प्रतिव्यक्ति आय वृद्धि, शिक्षा, स्वास्थ्य, आवासमा लगानी वृद्धिद्वारा मानव पुँजी निर्माणमा सहयोगसिद्ध बनेको छ । तर पनि यो दीर्घकालीन रूपमा एउटै स्रोतमाथिको उच्चतमस्तरको निर्भरता मुलुकको लागि निकै जोखिमपूर्ण हुन्छ । विदेशी मुद्रा आर्जनको एकल स्रोतमाथिको निर्भरतालाई अर्थशास्त्रीय भाषामा डच डिजिज पनि भनिन्छ । यो तत्कालको लागि उपलब्धीमूलकजस्तो देखिएता पनि दिगो आर्थिक वृद्धि र विकासको दृष्टिले प्रत्युत्पादक बन्ने सम्भावना हुन्छ ।

पछिल्लो दुई दशकमा नेपालको अर्थतन्त्र न्यून आर्थिक वृद्धि र उच्च विप्रेषणको चपेटामा परेका छ । आन्तरिक रोजगारीका सीमित अवसर, वैदेशिक रोजगारीसँगै युवा पलायन, विप्रेषण आप्रवाहमाथिको अत्याधिक निर्भरताजस्ता समस्यासँग जुद्दै आएको छ । विप्रेषणमा मात्र धेरै भर पर्दा हामीले आन्तरिक उत्पादन बढाउनेतिर ध्यान दिन सकेको छैन । नेपालीहरूले विदेशबाट कमाएर ल्याएको रेमिट्यान्स फेरि विदेशी सामान आयातमै खर्च हुने गरेको देखिन्छ ।

सन् २००६ मा गौडेलले नेपालको सन्दर्भमा गरेको अध्ययनअनुसार विप्रेषण विकासोन्मुख राष्ट्रका लागि विदेशी मुद्राको महत्वपूर्ण स्रोत रहने गरेको औंल्याइएको छ । यो भुक्तानी सन्तुलन र चालु खाता बचतको लागि समेत महत्वपूर्ण हुने अध्ययनको निचोड छ । नेपालबाट रोजगारीका लागि विदेश जाने धेरै युवाले आफ्नो परिवारलाई निकै मिहेनत गरी विप्रेषण आर्जन गरी पठाउने गरेको उनको तर्क छ । यद्यपि, विप्रेषणको नकारात्मक पक्षले युवा पुस्तालाई लामो समयसम्म परिवारबिना बाहिर बस्दा उनीहरूमा जोखिम बढ्ने गरेको र अन्ततः उनीहरूले आफ्नो मातृभूमि छोड्ने प्रवृत्ति बढेको निष्कर्ष रहेको छ । त्यसैगरी नेपाल राष्ट्र बैंकले सन् २०२३ मा प्रकाशित प्रतिवेदनअनुसार विप्रेषणका रूपमा भित्रिएको रकममध्ये दैनिक उपभोगमा मात्र ५८.७८ प्रतिशत खर्च हुने गरेको देखिएको छ भने शिक्षा तथा स्वास्थ्य क्षेत्रमा २२.४८ प्रतिशत, ऋण तिर्न १०.७ प्रतिशत र मनोरञ्जन तथा अन्य क्षेत्रमा ८.६७ प्रतिशत खर्च गर्ने गरेको पाइएको छ । अध्ययनमा समेटिएका परिवारमध्ये ९६.६१ प्रतिशत परिवारको दैनिक उपभोग खर्च वैदेशिक रोजगारीमा जानुपूर्वको तुलनामा बढेको पाइएको छ । त्यस्तै, ९६.१ प्रतिशत परिवारको चाडपर्व, मनोरञ्जन, सामाजिक खर्च समेत बढेको पाइएको छ ।

विदेशबाट पठाएको पैसा विभिन्न क्षेत्रमा लगानी भएको स्थिति समीक्षा गर्दा अनुत्पादक क्षेत्रमा नै बढी लगानी भएको देखिन्छ । व्यापार व्यवसायमा लगानी गर्ने ६८.२१ प्रतिशत, घरघडेरीमा लगानी गर्ने ६५.८ प्रतिशत र गरगहना खरिद गर्ने ६३.१९ प्रतिशत रहेको छ । समग्रमा विप्रेषणले अर्थतन्त्रमा खेल्ने भूमिकालाई लिएर केही विवाद छ । यसले कम विकसित देशहरूको विकासमा योगदान गर्दछ भन्ने पक्ष एकतर्फ छ भने अर्कातर्फ जनशक्ति बाहिरिंदा देशको विकासले फड्को मार्न सक्दैन भन्ने पक्ष पनि त्यतिकै छ । नेपालमा विप्रेषणबाट आर्जित आयका कारण दलाल अर्थतन्त्रअर्थात् उत्पादन नै नगरी

बाँकी पृष्ठ ३मा

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# ठूला दलले प्रतिपक्षलाई पनि विश्वासमा लिएर काम गर्नुपर्छ : विक्रम पाण्डे

चितवन निर्वाचन क्षेत्र नं ३ बाट प्रतिनिधिसभामा निर्वाचित राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ उपाध्यक्ष विक्रम पाण्डे सार्वजनिक लेखा समिति सदस्य हुनुहुन्छ । सांसद पाण्डे यसअघि २०७० सालको संविधानसभा सदस्य निर्वाचनमा तत्कालीन चितवन-५ बाट विजयी हुनुभएको थियो । सांसद पाण्डेसँग राससका समाचारदाता सुशील दर्नालले संसदीय अभ्यास, संविधान कार्यान्वयन र संशोधन, सङ्घीय संरचना, युवा पलायन, देशको आर्थिक विकास र सुशासनलगायत समसामयिक विषयमा लिनुभएको अन्तर्वार्ताको सम्पादित अंशः



*प्रतिनिधिसभाको अहिलेसम्मको अनुभव कस्तो रह्यो ?*
प्रतिनिधिसभाको गतिविधि मलाई चित्त बुझिरहेको छैन । सङ्घीय सदनका लागि राज्यको ठूलो लगानी भएको छ । तर, त्यसबाट जनताले कुनै प्रतिफल पाएका छैनन् । कुनै एउटा पार्टीले सदनमा एउटा मुद्दा उठायो भने महिनौँसम्म सदन अवरुद्ध हुन्छ । संसद्मा सदस्यले बोलेका जनताका कुनै पनि सवाल कार्यान्वयन भएको अहिलेसम्म सुनिएको छैन । त्यसकारण पनि संसद्मा कम बोल्नै मै पर्छु । किनभने कार्यान्वयन नै हुँदैन भने बोलेरमात्र अर्थ छैन ।

*संविधान कार्यान्वयनको अवस्थालाई कसरी विश्लेषण गर्नुभएको छ ?*
एउटै प्रकृतिको घटनामा एउटा मन्त्री जेल जानुपर्ने अर्को मन्त्री जानु नपर्ने ? यस्तै प्रकृतिका अन्य धेरै घटना छन् । यी घटना हेर्दा देशको संविधान, ऐन/कानुन कार्यान्वयन भएको भन्ने कि नभएको भन्ने । जनताको पक्षमा ऐन, कानुन निर्माण भएजस्तो पनि लाग्दैन । राजनीतिक दलको आवश्यकताका आधारमा कानुन निर्माण भइरहेको जस्तो लागेको छ ।

*संविधान संशोधनको विषयमा तपाईँको धारणा के छ ?*
संविधान संशोधन कुनै एउटा विषयमा गरेर हुँदैन । धेरै विषयमा गर्नुपर्ने छ । सङ्घीयता महँगो भो । सङ्घ र स्थानीय सरकारले सही ढङ्गबाट काम गर्यो भने हुन्छ । प्रदेश सरकारको बारेमा विचार गरेर अगाडि बढ्नुपर्छ । मेरो विचारमा, आर्थिक, सामाजिक र भौगोलिकलगायत कुनै पनि दृष्टिकोणबाट देशले प्रदेश सरकारको बोझ बोक्न सक्दैन । स्थानीय सरकारलाई अझै बलियो बनाउनुपर्छ । सङ्घीय सरकारले पनि राष्ट्र, राष्ट्रियता, सुशासन र जनताको पक्षमा काम गर्नुपर्छ । राज्यका संरचना धेरै हुँदैमा सबैले काम गरेका हुन्छन् भन्ने होइन । राज्यको राजनीतिक संरचना सानो र छरितो बनाउँदा पनि धेरै काम गर्न सकिन्छ ।

*युवा पलायनबारे के भन्नुहुन्छ ?*
देशभित्रै युवालाई काम गर्ने वातावरण छैन । उच्च तहका व्यापारीले देशमा जे गर्दा पनि हुन्छ, तर मध्यम किसिमका वा सानासाना उद्यम गर्नेहरूका निम्ति धेरै कानुनी झन्झट छन् । राजनीतिक समस्या पनि धेरै छ । कुनै एउटा युवाले सानो उद्योग गरेर बसेको हुन्छ, तर उसले त्यही सानो उद्योग सञ्चालन गरेबापत राजनीतिक दललाई पाल्नुपर्ने अवस्था छ । अर्को कुरा, साना उद्यम गर्ने व्यक्तिका निम्ति कर झन्झटिलो छ । यी विभिन्न कारणले गर्दा देशका सबैजसो उद्योगधन्दा बन्द भएका छन् । कतिपय बन्द हुने अवस्थामा छन् । काठमाडौँलगायत देशका विभिन्न जिल्लामा ४० प्रतिशतभन्दा बढी सटर बन्द छन् । सरकारले घुमाइफिराइ ट्याक्स (कर) मात्र उठाउने काम गरेको छ । एउटा उपभोक्ताले एउटा सामान खरिद गर्दा १० किसिमका ट्याक्स तिर्नुपर्छ ।

*नेपाली कांग्रेस, नेकपा (एमाले) र माओवादी केन्द्रलगायत दलहरूलाई के भन्न चाहनुहुन्छ ?*
ठूला दलले अब देशका लागि काम गर्नुपर्छ । हिजोका दिनमा पार्टी वा कार्यकर्ताका लागि काम गर्नुभएको होला, तर अब एकपटक देश र जनताका निमित्त काम गर्छु भनेर प्रतिबद्ध भएर काम गर्नुपर्छ । साठी-सत्तरी वर्ष उमेर पुगेका नेताहरूले अब बाँकी जीवन देशका लागि खर्च गर्छु भनेर लाग्न सकेको खण्डमा देश बन्न समय लाग्दैन । उहाँहरूले म राम्रो मान्छे थिएँ भनेर कामद्वारा प्रमाणित गर्नुपर्छ । त्यसपछि देशको विकास भयो र जनताले रोजगारी पाए भने विदेश गएका युवा पनि स्वदेश फर्केर काम गर्ने अवसर हुन्थ्यो । तर मलाई लाग्छ, उहाँहरू त्यो गर्ने पक्षमा हुनुहुन्न ।

*देशको व्यवस्था र जनताको अवस्थालाई कसरी हेर्नुभएको छ ?*
अमेरिका र जापानको जस्तो व्यवस्था हाम्रो देशमा लगाएर हुँदैन । हाम्रो धर्म, संस्कृति, जाति, वेशभूषा, नेपालीपन र भौगोलिक बनावटअनुसारको व्यवस्था हुनुपर्छ । राप्रपाले देशमा जनताको एउटा अभिभावकको कुरा उठाउँदै आएको छ । हामीले नेपाललाई एकीकरण गर्ने व्यक्तिलाई घृणाको देष्टिकोणले हेर्ने गरिन्छ । जुन देशको इतिहास, धर्म संस्कृति मेटिन्छ त्यो देशको विकास हुन सक्दैन । अग्रगमनका नाममा देशलाई क्षति पुर्याउने काम भएको छ ।

*देशको विकासका निम्ति के गर्नुपर्छ ?*
अब हामी आन्तरिक झैझगडा छाडेर देश बनाउन लाग्नुपर्छ । विदेशिएका युवालाई देशमै फर्काउनुपर्छ । विश्वको सबैभन्दा सुन्दर देश नेपाललाई विकसित देशका रूपमा विकासको गति तीव्र बनाउनुपर्छ । हाम्रो देशलाई स्वीटजरल्याण्ड र सिङ्गापुरजस्तो होइन, नेपाल-नेपालजस्तै हुनुपर्छ । तर विकास हुनुपर्छ । विश्वको फरक देश बनाउनुपर्छ । सबै कुरामा सम्पन्न बनाउनुपर्छ । विकासका सवालमा हामीले अरु देशको होइन, हाम्रो देशको नक्कल अरुले गर्ने बनाउनुपर्छ ।

*देशलाई कसरी आर्थिक रूपमा आत्मनिर्भर बनाउन सकिन्छ ?*
हामीसँग अथाह प्राकृतिक स्रोतसाधन छ । त्यसलाई राष्ट्र र जनताका निम्ति प्रयोग गर्नुपर्छ । अरवियन देशहरू तेल बेचेर धनी भएको हो भनिन्छ । तर धनी हुनका लागि हामीसँग त्योभन्दा बढी स्रोतसाधन छ । तर, त्यसको सही सदुपयोग हुनसकेको छैन । हामीले कृषिमा राम्रो गर्न सकियो भने हाम्रो उत्पादन डलरमा बिक्री हुन्छ । हाम्रो देशमा अर्ग्यानिक खेती गर्न सकिन्छ । नेपालमा धेरै चिज पाइन्छ जुन अरु देशमा पाइँदैन । तर हामीले उत्पादन गर्न सक्ने वस्तु पनि अरु देशबाट आयात गरिरहेका छौँ । खेतबारी सबै बाँझो छ । गाउँमा कोही मर्यो भने मलामी छैनन् । हाम्रा युवाले अरुको देश बनाइदिएका छन् । तर, हाम्रो देशको अवस्था दयनीय छ ।

*अपेक्षाअनुरुप देश विकास नहुनुको कारण के हो ?*
नेपाल विकास हुन नसक्नुको मुख्य कारण भ्रष्टाचार हो । जुन दिन भ्रष्टाचारको अन्त्य हुन्छ, त्यस दिनदेखि देशको विकासले गति लिन्छ भन्ने मेरो विश्वास छ । जुन पार्टीको सरकार भए पनि आवश्यकताका आधारमा योजना बनाएर काम गर्नुपर्यो । अर्को, अनावश्यक खर्च कटौती गर्नुपर्यो । अनावश्यक संरचना र व्यक्तिलाई हटाउनुपर्छ । मन्त्रीले कर्मचारीलाई काम लगाउन सक्नुपर्छ । मन्त्रीले यति दिनभित्रमा यो काम सम्पन्न गर भनेर लक्ष्य निर्धारण गरिदिनुपर्यो ।

*सुशासन कायम के गर्न सकिन्छ ?*
अहिले कांग्रेस र नेकपा (एमाले)को सरकार छ । सरकारले सबैभन्दा पहिला भ्रष्टाचार नै अन्त्य गर्नुपर्छ । भ्रष्टाचार शून्यमा ल्याउनुपर्छ । भ्रष्टाचार एक ठाउँमा मात्र रोकेर हुँदैन । वडा कार्यालयदेखि सङ्घीय मन्त्रालयमा भ्रष्टाचार शून्य हुनुपर्छ । सरकारले प्रतिपक्षलगायत सबै राजनीतिक दललाई साथमा लिएर काम गर्न सक्नुपर्छ ।

*चुनावमा जनतालाई दिएका आश्वासन कति पूरा गर्नुभयो ?*
निर्वाचनको समयमा मैले जनतालाई अनावश्यक आश्वसन दिएको छैन । किनभने चुनावमा गर्नै नसक्ने कुरा बोलेर सांसद भएपछि अवस्था धेरै नाजुक भएको पनि देखेको छु । आफूले राखेका प्रतिबद्धता पूरा गर्न नसक्दा जनताका अगाडि जान नसकेको पनि देखेको छु । मैले जनतालाई तपाईँको दुःखसुखमा साथ दिन्छु भनेको थिएँ, जुन दिइरहेको छु । मैले जनतालाई पूरा नहुने सपना देखाएको छैन र देखाउनु पनि हुँदैन । जनतालाई आश्वासन दिएर मात्र हुँदैन । देशको ढुकुटी पनि हेर्नुपर्छ । देश कसरी चलिरहेको छ, त्यो पनि बुझ्नुपर्छ ।

*अन्त्यमा, आमजनतालाई के भन्न चाहनुहुन्छ ?*
देश बनाउने कुरा सरकारले मात्र चाहेर हुँदैन । त्यसैले देश निर्माणमा लाग्न जनतासँग आग्रह गर्न चाहन्छु । देश बनाउन जसले जहाँबाट जे गर्न सक्छ, त्यही गर्ने हो । अर्को कुरा जनताले पनि कसैको पक्ष वा विपक्षमा काम गर्नेभन्दा पनि राष्ट्रका निम्ति काम गर्नुपर्छ । राम्रो नेतालाई मात्र भोट हाल्नुहोस् भन्नु चाहन्छु । तपाईँको भोट तपाईँ, तपाईँका सन्तान र देशका लागि हो । कुनै पार्टी, घरको मुलीको वा गाउँको मुखियाले भनेका आधारमा भोट हाल्ने होइन, जनता र राष्ट्रको पक्षमा जसले काम गरेको छ उसैलाई सोचविचार गरेर मात्र मतदान गर्नुहोस् ।रासस

---

## विप्रेषणमा.......

कमाउने विचौलिया अर्थतन्त्र फस्टाएको भन्ने गरिन्छ । वैदेशिक रोजगारीबाट प्राप्त भएका धेरैजसो विप्रेषण उपभोगमा मात्र खर्च गर्ने प्रवृत्तिका कारण देशको विकासमा योगदान गर्न सक्दैन भन्ने तर्क बलियो छ । अर्कातर्फ देशको युवा जनशक्ति बाहिरिँदा उत्पादन क्षेत्रमा सङ्कुचन आई उपभोग्य वस्तुहरू समेत बाहिरबाट नै आयात गर्ने अवस्था देखिन्छ । देशभित्र भित्रिएको विप्रेषणले फेरि पनि आयातलाई बढावा दिँदै आएकाले अर्थतन्त्रमा खासै योगदान गर्न सक्दैन भन्ने तर्क पनि छ । तथापि, विप्रेषण नेपाली अर्थतन्त्रको लागि अनिवार्य छ तर यो अर्थतन्त्रको लागि स्थायी स्रोत भने होइन ।

सरकारले श्रम आप्रवासीको रेकर्ड राख्न थालेदेखिको विवरण हेर्दा नेपाली कामदार सबैभन्दा बढी जाने गन्तव्य देशहरूमा मलेसिया, कतार, साउदी अरेबिया, युएई र कुवेत मुख्य रहेको देखिन्छ । नेपाल भित्रने मानिसहरूको प्रवेश बढ्यो भने जीडीपी बढ्छ; यसको विपरीत यदि जीडीपीमा आकार सानो छ भने जनसङ्ख्याको आगमन पनि घट्छ । त्यसकारण नेपालमा आउने पर्यटक वा वैदेशिक रोजगारीबाट फर्केका मानिस र कुल गार्हस्थ्य उत्पादनबीच एकतर्फी सकारात्मक सम्बन्ध भएको देखिन्छ । विदेशी नेपाल आउँदा उनीहरूले गर्ने खर्चले कूल गार्हस्थ्य उत्पादनलाई बढाउन सहयोग गर्दै आएको छ । वैदेशिक रोजगारीबाट फर्कने नेपालीले पनि विदेशबाट केही पैसा, सीप र काम गर्ने बानी लिएर आउँछन् । त्यसपछि आर्जित रकम आर्थिक गतिविधिहरूमा लगानी गर्छन् र ती गतिविधिहरूबाट अर्थतन्त्रमा प्रभाव गर्दछ । यो नतिजाले विदेशबाट आउनेको सङ्ख्या जति बढी हुन्छ, त्यति नै आर्थिक विकासको सम्भावना पनि बढ्छ भन्ने देखाएको छ । तसर्थ, विद्यमान अवस्थामा नेपाल भित्रने पर्यटक तथा वैदेशिक रोजगारीबाट फर्कने युवा दुवै पक्षले नेपालको अर्थतन्त्रलाई सकारात्मक प्रभाव पार्छ भन्ने देखियो । यदि देशको आर्थिक वृद्धिदर बढी वा घटी हुँदा वैदेशिक रोजगारीमा जाने मानिसमा प्रभाव पार्दछ भन्ने देखिन्छ । देशको जीडीपी बढ्दा देशमा रोजगारीको अवसर सिर्जना हुन्छ र रोजगारीको लागि बाहिरिने जनशक्तिमा कमी आउछ । यसरी देशको कूल गार्हस्थ्य उत्पादनले बिदेशिने मानिसको सङ्ख्या बढाउने वा घटाउने कार्यमा प्रभाव पार्ने गरेको देखाएको छ ।

हाल देशबाट दैनिक करिब १५०० को सङ्ख्यामा युवाहरू बहिरिरहेको भन्ने गरिन्छ । ती युवाहले पठाएको विप्रेषणले कुल गार्हस्थ्य उत्पादन विस्तारका लागि महत्वपूर्ण छ । विप्रेषणले समग्र आर्थिक विकासमा मात्र नभई गरिबी न्यूनीकरणमा समेत महत्वपूर्ण रहेको छ । आर्थिक वर्ष २०६०/६१ मा कूल विप्रेषण प्राप्त रकम रू ५८.६ अर्ब रहेकामा त्यतिबेला नेपालमा गरिबीको रेखामुनिको जनसङ्ख्या ३०.९ प्रतिशत थियो । अर्कातर्फ सोही समयमा ३१.९ प्रतिशत घरपरिवारले विदेशबाट विप्रेषण प्राप्त गरिरहेका थिए । त्यसैगरी आर्थिक वर्ष २०८०/८१ मा कूल विप्रेषण आप्रवाह रु एक हजार १९१ अर्ब छ भने २० प्रतिशत जनता गरिबीको रेखामुनि छन् । विप्रेषण प्राप्त गर्ने घरपरिवारको तुलनामा प्राप्त नगर्ने परिवारहरू गरिबीमा फस्ने सम्भावना २.३ प्रतिशत बढी रहेको देखियो । विप्रेषण आप्रवाहमा १० प्रतिशत वृद्धि हुँदा नेपालमा १.१ प्रतिशतले गरिबी घट्ने गरेको भन्ने कुरा अध्ययनले देखाएको छ । यसरी हेर्दा नेपालको गरिबी घटाउनमा विप्रेषणको महत्वपूर्ण भूमिका रहेको देखिन्छ ।

त्यसैगरी विप्रेषण साक्षरता बढाउनमा पनि उपयोगी भएको देखाएको छ । विप्रेषण प्राप्त गर्ने घरपरिवारमा साक्षरता दर उच्च भएको देखाउँछ । आर्थिक वर्ष २०६०/६१ को तथ्याङ्क हेर्दा विप्रेषण रकम रु ५८.६ अर्ब रहेको देखिन्छ भने साक्षरता दर ५१ प्रतिशत मात्रै रहेको छ भने आर्थिक वर्ष २०८१/८२ मा विप्रेषण बढ्दा साक्षरता दर पनि बढेर ७८ प्रतिशत पुग्यो । यसैगरी विप्रेषणले स्वास्थ्यको पहुँच वृद्धि गरेसँगै पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर घटाउन मद्दत गरेको पाइयो ।

वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनका लागि नेपाल सरकारले विभिन्न देशहरूसँग श्रम सम्झौता गर्दै पनि आइरहेको छ । जसले गर्दा नेपालहरूको लागि रोजगारीको लागि थप देशहरू खुला हुँदै पनि छ । हाल नेपालीलाई बढी रोजगारी उपलब्ध गराउने पाँच देशहरू मलेसिया, कतार, साउदी अरेबिया, युएई र कुबेत रहेका छन् । यी देशहरूमा समेत कोभिड कारण रोजगारीको अवसर खुम्चिएकामा विस्तारै पुनः बढ्न हुन थालेको छ । वैदेशिक रोजगारी बढ्न थालेको सन्दर्भमा हाम्रा युवाहरूमा उच्च सीप व्यावसायिक तालिम प्रदान गरी थप दक्ष र सीपमूलक बनाउन आवश्यक छ । त्यस दिशामा नेपाल सरकारको ध्यान जानुपर्दछ । अध्ययनले नेपालमा आउने र नेपालबाट बाहिरिने दुवै पक्ष अर्थतन्त्रको लागि महत्वपूर्ण रहेको छ । तर लामो समयसम्म वैदेशिक रोजगारी माथिको निर्भरता हाम्रो लागि दीर्घकालीन हितमा छैन । वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले नेपालको विद्यमान आर्थिक अवस्थालाई कमजोर हुन नदिन सञ्जिवनीको काम गर्दै आएको छ । देशमा पर्याप्त मात्रामा रोजगारीको सिर्जना हुन नसकिरहेको अवस्थामा वैदेशिक रोजगारी नेपालको हकमा अपरिहार्य भएको छ । देशभित्र नै रोजगारी सिर्जना गर्नु भनेको मजबुत अर्थतन्त्र र विकासको लागि प्रस्थान विन्दु हो । तर रोजगारीको अवसर देशभित्र पर्याप्त मात्रामा नहुँदा वैदेशिक रोजगारी एकमात्र विकल्प बनेको छ । कोभिड महामारीपछि पुनर्बहालीको अवस्था, विश्वव्यापी श्रम बजारमा आएको आमूल परिवर्तन, आर्टिफिसियल इन्टिलिजेन्स (एआई)ले उत्पन्न गरेको चुनौतीलाई समेत मध्यनजर गरी श्रमशक्ति प्रक्षेपण योजना बनाई रोजगारी सिर्जना गर्नुपर्ने अवस्था एकातिर छ भने अर्कातर्फ विदेशबाट प्राप्त विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्ने हुन्छ भने वैदेशिक रोजगारीमा जाने श्रमिकको दक्षता अभिवृद्धि गर्दै उच्च आम्दानी हुने स्थान र क्षेत्रमा केन्द्रीत गर्नुपर्दछ । वैदेशिक रोजगारमा जाने व्यक्तिलाई सामाजिक सुरक्षाको दायरामा ल्याउनुपर्छ भने आर्थिक कुटनीति र श्रम कुटनीतिको माध्यमबाट वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्नुपर्दछ । विप्रेषणलाई सही सदुपयोगका लागि वित्त तथा मौद्रिक नीतिका विभिन्न उपकरणको परिचालनद्वारा विप्रेषण औपचारिक माध्यमबाट भित्र्याउनुको साथै त्यसलाई पुँजी निर्माणमा खर्च गर्नुपर्दछ । यसो गर्न सकिएको खण्डमा वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले देशको अर्थतन्त्रमा सकारात्मक भूमिका खेल्ने देखिन्छ । (लेखक बागमती प्रदेशको सचिव हुनुहुन्छ) रासस

## सञ्चारकर्मी दिलभूषण पाठकलाई पक्राउ गर्न प्रहरी परिचालन



दैनिक समाचारदाता
काठमाडौँ २८ जेठ। सञ्चारकर्मी दिलभूषण पाठकलाई पक्राउ गर्न प्रहरी परिचालन गरिएको छ। नक्साल भाटभटेनी स्थित अम्रपाली ब्यांक्वेट नजिकै उनको घरमा सादा पोसाकका प्रहरी खटिएका हुन्। उनीहरूलाई साइबर ब्युरोबाट परिचालन गरिएको ब्युरोका एक जना अधिकृतले बताए।

पाठकविरुद्ध काठमाडौँ जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएको छ। उनी विरुद्ध विद्युतीय कारोबार ऐन-२०६३ अन्तर्गतको कसुरमा जाहेरी दर्ता भएको ब्युरोका एक जना अधिकृतले रातोपाटीलाई बताए।

कांग्रेस सभापति शेरबहादुर देउवाका छोरा जयवीर देउवाले नक्सालस्थित हिल्टन होटल खरिद गरेको भन्दै पाठकले आफ्नो युट्युब च्यानलमा टफ टकमा 'टफ एक्स्प्लेनर' सामग्री प्रसारण गरेका थिए। त्यसबारे उनी विरुद्ध साइबर अपराध गरेको उजुरी परेको थियो।

होटल शंकर ग्रुपको स्वामित्वमा छ। होटलका प्रबन्ध निर्देशक शाहिल अग्रवाल र व्यापारी दीपक भट्टसँग मिलेर उनले होटल खरिद गरेको पाठकले समाचारमा आरोप लगाएका थिए।

## काठमाडौं महानगरका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत परियारसहित ७ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

दैनिक समाचारदाता
काठमाडौँ २८ जेठ। सूचना तथा प्रसारण विभागका महानिर्देशक प्रदीप परियारसहित ७ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ।

काठमाडौं महानरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रहेका बेला मिलेमतोमा भ्रष्टाचार गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बुधबार विशेष अदालतमा मुद्दा दायर हो।

परियारसहित महानगरका तत्कालीन निर्देशकहरु रविन्द्रमान श्रेष्ठ, युवराज अधिकारी, वसन्त आचार्य, नमराज ढकाल, सहायक निर्देशक उत्तम दाहाल र इन्जिनियर जनार्दन गिरीविरुद्ध अख्तियारले मुद्दा दायर गरेको हो। सातैजना प्रतिवादीलाई अख्तियारले जनही ४ करोड ३१ लाख ७२ हजार २८७ रुपैयाँ बिगो कायम गरी बिगोबमोजिम जरिवाना र कैद सजायको माग दाबी गरिएको छ।

महानगरपालिकाको सामाखुसी करिडोरअन्तर्गत बसुन्धारादेखि म्हेपीसम्म ढल निर्माणसम्बन्धी ठेक्कामा अनियमितता गरेको आरोपमा अख्तियारले अनुसन्धान गरेको थियो। जसमा सबैभन्दा कम अंकमा कबोल गरेका ठेकेदारलाई अयोग्य ठहर गरी बढी अंक कबोल गरी ठेक्का लगाएको अभियोगमा उनीहरुविरुद्ध मुद्दा दायर गरेको हो।

कम अंक कबोल गर्ने समानान्तर सेवा प्रालिले १८ करोड ९ लाख २२ हजार ३२५ रुपैयाँबराबरको बोलपत्र पेस गरेकोमा महानगरका तत्कालीन कर्मचारीहरुले बढी अंक कबोल गर्ने कल्पवृक्ष कोहीनूरलाई २२ करोड ४० लाख ९४ हजार ६१२ प्रस्तावमा सम्झौता गरेकोमा बढी अंक कबोल गरिएको रकमलाई बिगो कायम गरी अख्तियार मुद्दा दायर गरेको हो। यसरी मिलेमतोमा सार्वजनिक संस्थाको सम्पत्ति हानिनोक्सानी गरेकोमा महानगरका तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहितलाई प्रतिवादी बनाएर मुद्दा दायर गरिएको अख्तियारका सहायक प्रवक्ता देवीप्रसाद थपलियाले बताए। महानगरको कार्यकारीबाट सरुवा भएर परियार त्यसपछि सूचना तथा प्रसारण विभागमा गएका थिए।

## सुडी समाजद्वारा महिला उपसमिति गठन



दैनिक समाचारदाता
काठमाडौँ, २८ जेठ। महिलाको हकहितको संरक्षण, संवर्द्धन तथा सशक्तीकरणको माध्यमबाट लैङ्गिक न्याय सुनिश्चित गरी समाजको अग्रगामी रुपान्तरणका लागि सुडी समाज काठमाडौँले महिला उपसमिति गठन गरेको छ। सुडी समाज काठमाडौँद्वारा आज यहाँ आयोजित कार्यक्रममा श्रीमती अञ्जु साहको संयोजकमा गठित उक्त उपसमितिका सदस्यहरूमा बबिता पञ्जियार, ममता साह, पुनम साह (पूर्वे), गीता साह, मुन्नी साह र ममता साह हुनुहुन्छ।

'सबै महिलाका लागि: अधिकार, समानता र सशक्तीकरण' भन्ने मूल नाराका साथ आयोजित कार्यक्रममा समाजका अध्यक्ष शीतलप्रसाद महतोले समाजका महिलाको युग सुहाउँदो प्रविधिमा पहुँच विस्तार गर्ने, महिला सशक्तीकरण अभिवृद्धि गर्ने, लैङ्गिक असमानता र हिंसाजन्य क्रियाकलाप न्यूनीकरणका लागि महिला उपसमितिले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले महिलालाई शिक्षित र आत्मनिर्भर बनाई समाजका हरेक गतिविधिमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गर्दै धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्याय अन्त्य गरी सभ्य र समतामूलक समाज निर्माण गर्ने नीति समाजको रहेको जानकारी दिनुभयो।

समाजका उपाध्यक्ष शङ्कर साह सुडीले महिलाहरू आर्थिक रूपमा सक्षम भएमात्र आफ्ना हकअधिकार सुनिश्चित हुने धारणा राख्नुभयो। उपसमितिका संयोजक अञ्जु साहले भन्नुभयो, "शिक्षा, स्वास्थ्य, रोजगारी, नीति निर्माण र निर्णय प्रक्रियामा समान पहुँच सुनिश्चित गर्न महिलाले अझै मेहनत गर्न आवश्यक छ।"

## बढ्दो गर्मी बजार सुनसान, विद्यालय बन्द, जनजीवन कष्टकर

दैनिक समाचारदाता
जनकपुरधाम २८ जेठ। मधेश प्रदेशका जिल्लाहरू पछिल्लो केही दिन यता असह्य गर्मीको चपेटामा परेका छन्। लगातार पाँच-छ दिनदेखि पानी नपरेपछि तापक्रम एक्कासी बढेको छ।

चर्को घाम र बिना हावा चलेको गर्मीका कारण दिउँसो बजार सुनसान देखिन्छ। सडक सुनसान, पसलहरू खुला भए पनि ग्राहक हराएका छन्। झन् घरभित्र पनि राहत छैन पंखा चलाउँदा समेत तातो हावा मात्र आउँछ।

बढी पीडा बाहिर मजदुरी गर्ने कामदारहरूले भोगिरहेका छन् दिनभरको गर्मी उनीहरूका लागि शारीरिक शोषणजस्तै बनिरहेको छ।



स्थिति यति गम्भीर बनेको छ कि विद्यालयमै विद्यार्थीहरुलाई समस्या हुन थालेपछि जनकपुरधाम, बाराको कलैया, धनुषाको सबैला, पर्साको पोखरिया लगायतका पालिकामा विद्यालयहरू बन्द गरिएका छन्।

तापक्रम अहिले मधेशका अधिकांश जिल्लामा ३५ देखि ४१ डिग्री सेल्सियसको बीचमा मापन भइरहेको छ। मौसमविद्हरूका अनुसार अझै केही दिन गर्मी जारी रहने सम्भावना छ।

स्वास्थ्यकर्मीहरू पनि पर्याप्त पानी पिउन, हलुका लुगा लगाउन र अत्यधिक घाममा काम नगर्न सुझाव दिइरहेका छन्।

## किसान महासंघको नयाँ कार्य समिति चयन

दैनिक समाचारदाता
जनकपुरधाम, २८ जेठ। नेपाल किसान महासंघ धनुषाको चौथो जिल्ला अधिवेशन सम्पन्न भएको छ। अधिवेशनले जुगल कुमार महतोको अध्यक्षतामा नयाँ जिल्ला कार्यसमिति चयन गरेको छ। नवगठित कार्यसमितिमा उपाध्यक्षमा नथुनी यादव, सचिवमा प्रदीप साह, सहसचिवमा राजन कार्की चयन भएका छन्। यस्तै, सदस्यहरूमा रामलाखी यादव, लक्ष्मण यादव, पल्टन यादव, सुर्यनाथ यादव, ललिता महरा र सन्तोष यादव रहेका छन्।

अधिवेशनमा राष्ट्रिय सभा सदस्य आनन्द प्रसाद ढुंगानाको विशेष उपस्थिति रहेको थियो। कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रिय सह(महामन्त्री महेन्द्र यादव, मधेश प्रदेश सभा सदस्य राम सरोज यादव, नेपाली कांग्रेस मधेस प्रदेश संसदीय दलका





प्रमुख सचेतक एवम् प्रदेश सभा सदस्य कुमर कान्त झा, धनुषाधाम नगरपालिका प्रमुख बालेश्वर मण्डल, नेपाली कांग्रेस धनुषा क्षेत्र नं. १ का क्षेत्रीय सभापति जितनारायण यादव, लक्ष्मिनिया गाउँपालिकाका प्रमुख भोगेन्द्र मिश्र लगायत कांग्रेसका विभिन्न तहका नेताहरू र किसानहरूको उल्लेख्य सहभागिता थियो।

नयाँ नेतृत्वलाई महासंघका नेताहरू, प्रतिनिधिहरू तथा किसानहरूले शुभकामना र बधाइ दिएका छन्। अधिवेशनले किसानका हक र हितका पक्षमा थप सशक्त अभियान अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ।

## नेप्से १३ दशमलव ६९ अङ्कले घट्यो

काठमाडौँ, २८ जेठ: नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्को गिरावट देखिएको छ। आज नेप्से परिसूचक १३ दशमलव ६९ अङ्कले घटेर दुई हजार ६६४ दशमलव ४७ को विन्दुमा कायम भएको हो।

आज तीन सय सात कम्पनीको दुई करोड २० लाख ७५ हजार ७६९ कित्ता शेयर ८१ हजार ७०३ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब ९० करोड ७० लाख पाँच हजार ५७५ दशमलव शून्य आठको कारोबार भएको छ। जलविद्युत् समूह एक दशमलव १३ प्रतिशतले बढेको छभने अरु सबै समूहको उपसूचक घटेका छन्।

आजको कारोवारमा बुटवल पावर कम्पनी लिमिटेड, प्युअर इनर्जी लिमिटेड र सिनर्जी पावर डेभलपमेन्ट लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य सबैभन्दा बढी पाँच दशमलव ८९ प्रतिशतले घटेको छ। कारोबार रकमका आधारमा आज राधी विद्युत् कम्पनी लिमिटेडको सबैभन्दा बढी रु ६१ करोड ५७ लाख १७ हजार १४४ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रमोटरको सबैभन्दा बढी १० लाख ८९ हजार ५४८ कित्ता शेयर खरिदबिक्री भएको छ।






- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस,,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४